# प्रेस विज्ञप्ती

नेपालको राजनैतिक परिवर्तन पश्चात नेपालको सविंधानले निर्देश गरे वमोजिम संघीय संरचना अनुसार स्थानीय सरकार गठनका लागि सम्पन्न निर्वाचनवाट निर्वाचित भै आफ्नो कार्यजिम्मेवारीमा वहाली भएको पनि एक वर्ष पुगि सकेको छ । बागलुङ नगरपालिका भरोसा, आशा र विश्वासयोग्य संस्थाको रुपमा स्थापीत भएको छ । आम नागरिकको सकृय सहयोग र न.पा.ले चालेका हरेक कदममा नगरबासीको सकृय सहयोग, सहभागिताका निम्ती हार्दिक धन्यबाद व्यक्त गर्दछौं । हामी निर्वाचित भै वहाली भएपश्चात सम्पादन गरिएका प्रकृयामा रहेका र पहलकदमीमा रहेका केहि मुख्य मुख्य कार्यहरुलाई संक्षेपमा उल्लेख गरी सञ्चार जगत मार्फत आम नगरवासी दाजुभाई तथा दिदि वहिनिहरु माझ संप्रेषण गर्न चाहन्छु ।

१. **हवाई सेवा सञ्चालन** :- विगत २७ वर्षदेखि अवरुद्ध रहेको वलेवा विमानस्थल नेपाल एयरलाईन्स र तारा एयरवेजसंग संझौता गरी मिति २०७४।१२।९ देखि सञ्चालनमा ल्याईएको छ ।

२. **वागलुङ वसपार्क निर्माण** :- झण्डै १४ वर्ष अगाडीदेखि आरम्भ भएर हालसमम निर्माणको चरणमा जान नसकेको वृहत वागलुङ वसपार्क निर्माणका लागि हालै नगर विकास कोषसंग ऋण तथा अनुदान संझौता गरि टेन्डर प्रकृया अगाडी बढाईएको छ ।

३. **सिटिहल निर्माण** :- सिटिहल निर्माणका लागि चालु आ.व.मा केन्द्रीय वजेट विनियोजन भएको र सिटिहल निर्माणको लागि डिजाईन ईष्टिमेट भै रहेको छ ।

४. **माझी वस्ती पुनस्थापनः-** स्थानीय समुदाय जग्गादाता र नगर विकास कोषको सहयोगमा दशकौंदेखि विस्थापितको मारमा खेपिरहेका माझी समुदायलाई आफ्नै थातथलोमा पुनस्थापना गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

५. **प्रथम मेयरकप सञ्चालन** - पहिलो पटक ४ नं. प्रदेशस्तरीय प्रथम मेयर कप फुटवल प्रतियोगिता सञ्चालन गरी युवा विकास तथा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्धनको कार्यथालनी गरिएको छ ।

६. **नगरको पुर्वाधार विकास** :- आगामी बर्ष नगरका प्रत्येक वडामा नगर बस संचालन गर्ने गरी सडकलाई सडकको स्तरोन्नती र व्यवस्थापनको काम तिब्र ढंगले अगाडी बढेको छ । साथै वागलुङ नगरको पुर्वाधार विकासका लागि नगरका मुख्य मुख्य सडकहरुको विस्तृत परियोजना निर्माणको तयारीको कार्य भैरहेको छ ।

७. **असहाय दिर्घरोगिहरुका लागि उपचार** :- असहाय तथा दिर्घरोगिहरुको उपचारमा पहुंचयोग्य वनाउन जोड दिईएको छ ।

८. **जोखिमपुर्ण श्रम दुर्घटना** - जोखिमपुर्ण श्रम दुर्घटनामा परेकाहरुलाई सहायता कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक कार्यविधि निर्माण गरिएको छ ।

९. **प्रकोप व्यवस्थापनः-** प्रकोप व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय आप्रवासी संगठनको सहयोगमा प्रकोप व्यवस्थापनको पूर्व तयारीका लागि नगरका खुला स्थानहरुलाई छनौट गरिएको छ ।

१०. **विद्यालय सुधार आयोजना** :- नगरको सामुदायिक विद्यालयको पठनपाठन सुधार योजना निर्माण गरी लागु गरिएको छ, नगर शिक्षा नियमावली जारी गरिएको छ ।

११. **विभिन्न कानूनहरुको निर्माण** :- सविधानले प्रदान गरेका स्थानीय अधिकारको कार्यान्वयनका लागि विभिन्न कानूनहरु निर्माण गरी लागु गरिएको छ ।

- सहकारी ऐन २०७४,
- कृषि व्यवसाय प्रवर्धन ऐन २०७४,
- नगरको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थि तगर्ने ऐन २०७४,
- वजार अनुगमन निर्देशिका २०७४,
- एफ.एम. रेडियो सञ्चालन तथा व्यवस्थापकार्यविधि २०७४,
- शिक्षा नियमावली २०७४

१२. **स्थानीय राजपत्र प्रकाशन** :- स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए वमोजिम स्थानीयवागलुङ नगर सभा र नगर कार्यपालिकाकावाट स्वीकृत ऐन नियम निर्देशिका तथा कार्यविधिहरुलाई स्थानीय राजपत्र मार्फत गरी सार्वजनिक गरि संघीयताको कार्यान्वयनमा जोड दिईएको छ ।

१३. **Geological Zoo निर्माणः**- नगरको मालिका तथा कैलाम पोखरी क्षेत्रमा Geological Zoo निर्माण सञ्चालनको सम्भाव्यता अध्ययन गरि सकिएको र परियोजना निर्माणका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागवाट प्रकृया अगाडी वढाईएको छ ।

१४. **नगरमा व्यवसायिक चिया खेतिको सम्भाव्यता अध्ययन** :- नगरको वडा नं ५,६,७,८,९ र १० को उपल्लो भेकमा व्यवसायिक चिया खेतिको सम्भाव्यता अध्ययन गरिएको र सम्भाव्य देखिएकोले कार्यक्रम अगाडी वढाईने छ ।

१५. **वैकल्पिक उर्जा कार्यक्रमको सम्भाव्यता अध्ययन** :- फोहोरमैला वाट वैकल्पिक उर्जाको प्रवर्धनगर्नका लागि वैकल्पिक उर्जा प्रवर्धन केनद्रवाट सम्भाव्यता अध्ययन कार्यको थाली गरिएको छ । साथै नगरमा रहेका पर्यटन तथा धार्मिक हिसावले महन्वपुर्ण स्थानहरुमा वैकल्पिक उर्जा प्रबर्धन केन्द्र मार्फत सौर्य बत्ती जडानको व्यवस्था मिलाईएको छ ।

१६. **नगरको फोहोर व्यवस्थापनः** फोहोर व्यवस्थापनको कार्य निजि क्षेत्र मार्फत सञ्चालन गरिएको छ ।

१७. **वडा नं १ वांगेचौर देखि कुश्मा न.पा. पाङ जोड्ने आकासे पुल निर्माण** : - पुल निर्माण कार्यको लागि पहल भै रहेको छ ।

१८. **शहिद पार्क र उद्यानको पुन निर्माणः**- व्यवस्थापनको अभावमा रहेका वडा नं  शहिद स्मृति पार्क र उद्यानको पुन निर्माणको लागि प्रभुवैंकसंग संझौता गरी कार्य थालनी गरिएको छ ।

१९. **कालिका वन्यजन्तु संरक्षण पार्क निर्माण** :- कालि भगवती गुठि र वागलुङ नगरपालिकाको सहकार्यका कालिका मन्दिर परिसरमा कालिका वन्यजन्तु संरक्षण पार्क निर्माण कार्यको थालनी गरिएको छ ।

२०. लामो समयदेखि खानेपानीको समस्याको रुपमा रहेका बलेवा रोकापाला, कुँडुले छापा, लहरेपिपल, सिंगाना लामिचौर लगाएतका स्थानहरुमा खानेपानी समस्या सामाधानको कार्यलाई उच्च प्राथमिकतामा राखी योजना कार्यान्वयनको कार्य प्रकृया अगाडी बढाईएको छ ।

२१. बागलुङ बजार व्यवस्थापनको सुधारका लागि सरोकारवालाहरुको समन्वयमा कार्य प्रकृया अगाडी बढाईएको छ ।

२२. **चालु आ.व.का योजनाहरुको कार्यान्वयनको अवस्था :-**

- कुल स्वीकृत योजना :- ४९१
- संझौता हुन वाँकी योजनाहरु :- ६७
- संझौता भएका योजनाहरु :- ४२४
- सम्पन्न भएका योजनाहरु :- १३०
- संझौता भै सम्पन्न हुन वाँकी योजनाहरु :- २९४

२३. चालु आ.व.को वजेट तथा खर्चको अवस्था :- २०७४ बैशाख मसान्त सम्मको विवरणको आधारमा

| सि.नं. | शिर्षक | कार्यक्रमको नाम | बार्षिक बजेट | निकासा | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१.** | **८०१३०७३** | **नपा अनुदान निक्षेपित समेत** | **५४७९३५०००।००** | **५४७९३५०००।००** | **३१३९२१७०२।००** | **५७।२९** |
| | २६६११ वित्तिय समानिकरण अनुदान | नगरपालिका चालु | २५०९२२०००।०० | २५०९२२०००।०० | ५२९७१४४१।०० | |
| | | नगरपालिका पुजीगत | | | ७१२९१५८५।०० | |
| | २६६१२ शर्सत अनुदान | शिक्षा कार्यक्रम | २९७०१३०००।०० | २५११८८०००।०० | १६०७७१८७७।०० | |
| | | स्वास्थ्य कार्यक्रम | | ३८६९००००।०० | २४०२६५६९।०० | |
| | | पशु सेवा कार्यक्रम | | १७७४०००।०० | १३१०७४७।०० | |
| | | आयुवेर्द औषधालय कार्यक्रम | | ५३६१०००।०० | ३४३८६३३।०० | |
| | | कृषि कार्यक्रम | | | ११०८५०।०० | |
| २. | ३६५०१५३ | सामाजिक सुरक्षा | १२९८९५०००।०० | १२९८९५०००।०० | ७१९३९६५०।०० | ५५।३८ |
| ३. | ३६५८१९३ | निअमउ | २५२७०००।०० | २१४५०००।०० | २१४५९८६।०० | ८४।९२ |
| ४. | | संघिय पूर्वाधार गत बर्षको मौज्दात बाट | ४५९९५२४।०० | ४५९९५२४।०० | ४५९९५२४।०० | १००।०० |
| ५. | | शहरी स्वास्थ्य केन्द्र गत आवको | १००९१५०।०० | १००९१५०।०० | १००९१५०।०० | १००।०० |
| ६. | | आन्तरिक आय | २००७७०००।०० | १६४९४९४८।०० | १६४९४९४८।०० | ८४।१५ |
| ७. | | मालपोत रजिष्ट्रेसन दस्तुर गतआवको | | २२८०५१९।०० | २२८०५१९।०० | १००।०० |
| ८. | | सडक बोर्ड | ३२१८३८५।०० | ३२१८३८५।०० | ३२१८३८५।०० | १००।०० |
| ९. | | माझी बस्ती | ३९५९१४३।०० | ३९५९१४३।०० | ३९५९१४३।०० | १००।०० |
| **कुल जम्मा** | | | **७१३२२०२०२।००** | **७११५३६६६९।००** | **४१९५६९००७।००** | |

जनकराज पौडेल
नगर प्रमुख

मिति १७ जेष्ठ २०७४

एवं वागलुङ नगरपालिका परिवार
वागलुङ ।